नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
बबरमहल, काठमाडौं

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०।०४।०८)

यस विभागको लागि आर्थिक वर्ष २०८०/०८१ को लागि आवश्यक पर्ने कार्यालय सामान, स्टेशनरी, छपाई तथा मसलन्द सामान सिलबन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक रजिष्टर्ड फर्म, कम्पनी वा सप्लायर्सबाट सिरबन्दी दरभाउपत्र आह्वान गरिन्छ। दरभाउपत्र फारम यो सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म रु १,०००/-(एक हजार)(पछि फिर्ता नहुने गरी) तिरी आन्तरिक राजस्व कार्यालयबाट प्राप्त स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता एवं अद्यावधिक कर चुक्ता(आ.व. २०७८/०७९ सम्मको) प्रमाणपत्रको प्रमाणित प्रतिलिपी साथ निवेदन दिई यस विभागको लेखा शाखाबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिने छ। दरभाउपत्र फारम सूचना प्रकाशित मितिले १६ औं दिन दिनको १२:०० बजेसम्म यस विभागमा नियमानुसारको जमानत साथ दर्ता गराईसक्नु पर्नेछ र पेश भएका दरभाउपत्र सोही दिनको २:०० बजे खोलिने छ। यस सम्बन्धी विस्तृत विवरण विभागको वेभ साइट https://doc.gov.np मा हेर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ।

२०८०।०४।०८

महानिर्देशक

बिक्री मूल्यः रु १०००/-

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

बबरमहल, काठमाडौं

# कार्यालय सामान, स्टेशनरी, छपाई तथा मसलन्द सामान सिलबन्दी दरभाउपत्र

# फारम

आ.व. २०८०/०८१

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
बबरमहल, काठमाडौं

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०।०४।०८)

### दरभाउपत्र सूचना नं. DOC/SQ/०१/२०८०/०८१

यस विभागको लागि आर्थिक वर्ष २०८०/०८१ को लागि आवश्यक पर्ने कार्यालय सामान, स्टेशनरी, छपाई तथा मसलन्द सामान सिलबन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक रजिष्टर्ड फर्म, कम्पनी वा सप्लायर्सहरुलाई तपसिलको शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु:

१. सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र अद्यावधिक/नविकरण भएको इजाजतपत्र, आ.व. २०७८/७९ को कर चुक्ता प्रणाण पत्र, आयकर तथा भ्याट दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी निवेदन दिएमा यस विभागबाट रु १,०००/-(एक हजार)(पछि फिर्ता नहुने गरी) तिरी दरभाउपत्र फारम खरिद गर्न सकिनेछ।

२. दरभाउपत्रदाताले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजेसम्म यस विभागमा सिलबन्दी दरभाउपत्र दाखिला गरिसक्नु पर्नेछ। यसरी नियमानुसार दाखिला हुन आएका सिलबन्दी दरभाउपत्रहरु सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस विभागमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन।

३. दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ।

४. दरभाउपत्रको मान्य अवधि ४५ (पैंतालिस) दिनको हुनेछ। प्रत्येक दरभाउपत्र साथ दरभाउपत्र जमानत रकम बापत रु ५०,०००/-(अक्षरुपी पचास हजार मात्र) यस विभागको नाममा जारी भएको विडबण्ड वा नेपाल राष्ट्र बैंक लि. बालुवाटारमा कोष तथा लेखा नियन्त्रक कार्यालय, बबरमहल को नाममा रहेको धरौटी खाता नं १२०१२००००१००२५२४ कार्यालय कोड

महानिर्देशक

२७-३०७-२९ मा जम्मा गरेको सक्कल बैंक भौचर संलग्न हुनु पर्नेछ। विडवन्डको हकमा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ७५ दिनसम्मको मान्य अवधि(validity period) भएको हुनुपर्नेछ।

५. दरभाउपत्र फारममा दररेट स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा लेख्नु पर्नेछ। अङ्क र अक्षरको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।

६. रीत नपुगेको वा म्याद नाघी आएको वा शर्त सहितको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन।

७. प्राप्त सिलबन्दी दरभाउपत्रहरु पूरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहनेछ।

८. दरभाउपत्र फारममा संलग्न विवरणभन्दा छपाइ एवं कार्यालय मालसामानहरु वढी वा घटी परिमाणको सप्लाई गर्नु परेमा पनि कबुल अनुसारको मूल्यमा सप्लाई गर्नु पर्नेछ।

९. BOQ मा उल्लेख भएको प्रत्येक आइटमको दररेट भरी नआएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

१०. तोकिएको गुणस्तर बमोजिमको मालसामान आपूर्ति नगरेमा त्यस्तो सामानहरु स्वीकार गरिने छैन।

११. एक पटक पेश भएको शिलबन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न सकिने छैन।

१२. स्वीकृत दरभाउपत्रदातासँग सम्झौता भएपछि अस्वीकृत दरभाउपत्रदाताहरुको धरौटी फिर्ता गरिनेछ।

१३. सिलबन्दी दरभाउपत्रसाथ आफ्नो फर्म वा कम्पनीको अद्यावधिक/नविकरण भएको इजाजतपत्र, आ.व. २०७८/७९ को कर चुक्ता प्रणाण पत्र, आयकर तथा भ्याट दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।

१४. दरभाउपत्र फारममा दरभाउपत्रदाताको सही छाप हुनु पर्नेछ।

१५. सिलबन्दी दरभाउपत्र फारमको सिलबन्दी खाममा "कार्यालय सामान, स्टेशनरी, छपाई तथा मशलन्द सामानहरु खरिद सम्बन्धी दरभाउपत्र" भनी उल्लेख गर्नु पर्नेछ। साथै दरभाउपत्रदाताको नाम, ठेगाना, फोन नं. उल्लेख गरी सही छाप लागेको हुनु पर्नेछ।

१६. यसमा उल्लेख भएका कुराको हकमा यसै बमोजिम र नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ एवं प्रचलित ऐन नियम बमोजिम हुनेछ।

१७. यो सूचना विभागको वेभ साइट https://doc.gov.np मा हेर्न सकिनेछ।

महानिर्देशक

श्रीमान् महानिर्देशक ज्यू,
वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग,
बबरमहल, काठमाडौं।

श्रीमान्

यस विभागबाट आ.व. २०८०/०८१ को लागि आवश्यक पर्ने कार्यालय सामान, स्टेशनरी, छपाई तथा मशलन्द खरिद गर्नको लागि मिति....................... मा गोरखापत्र दैनिकमा सूचना प्रकाशित भए बमोजिम सिलबन्दी दरभाउपत्र पेश गरेको छु।

हाम्रो कवोल अंक यसैसाथ संलग्न सिलबन्दी दरभाउपत्र फारममा उल्लेख गरिएको छ। हामी उल्लिखित सामानहरु यसै फाराममा उल्लिखित शर्तहरुका अधिनमा रही उपलब्ध गराउँने छौं। धरौटी रकम रु.......................................... नेपाल राष्ट्र बैंक लि. बालुवाटारमा कोष तथा लेखा नियन्त्रक कार्यालय, बबरमहल को नाममा रहेकों धरौटी खाता नं १२०१२००००१००२५२४ मा जम्मा गरी त्यसको सक्कल भौचर यसैसाथ पेश गरेका छौं। जमानत वापतको ................................. बैंकबाट मिति ........................मा जारी भएको रु .......................... बैंक जमानी पत्र(विडवण्ड) यसै साथ पेश गरिएको छ।

निवेदक
नामः
पदः
हस्ताक्षरः
मितिः
कम्पनीको नामः
पूरा ठेगानाः
फोन नं. :
कम्पनीको छापः